# आवश्यकता अनुसार निश्चित उद्देश्य पूर्तिका लागि उपलब्ध गराउने कार्यक्रम अन्तर्गत सशस्त्र द्वन्द्वका घाइते, अपाङ्ग, अशक्तहरुको औषधी उपचार कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७६

प्रस्तावना : सशस्त्र द्वन्द्वका कारणले घाइते, अपाङ्ग/अशक्त भई कष्टकर जीवन व्यतित गरी आएका निरन्तर औषधी उपचाररत व्यक्तिहरूलाई औषधी उपचार तथा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आन्तरिक मामिला तथा कानून मन्त्रालले यो कार्यविधि बनाएको छ ।

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "आवश्यकता अनुसार निश्चित उद्देश्य पूर्तिका लागि उपलब्ध गराउने कार्यक्रम अन्तर्गत "सशस्त्र द्वन्द्वका घाइते, अपाङ्ग/अशक्तहरुको औषधी उपचार कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अस्पताल" भन्नाले मन्त्रालयसँग गरेको सम्झौता बमोजिम औषधी उपचार सेवा उपलब्ध गराउने अस्पताल सम्झनु पर्छ ।

(ख) "औषधी उपचार सेवा" भन्नाले सम्झौता बमोजिम अस्पतालबाट लाभग्राहीलाई उपलब्ध गराउने औषधी उपचार सेवा सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ ।

(घ) "लाभग्राही" भन्नाले सशस्त्र द्वन्द्वका घाइते, अपाङ्ग/अशक्त भइ निरन्तर स्वास्थ्य उपचार गराइरहेका नागरीकलाई सम्झनुपर्छ ।

(ङ) "शर्त" भन्नाले अस्पतालसँग गरिने सम्झौतामा उल्लेखित प्रावधानहरुलाई सम्झनुपर्छ।

(च) "सशस्त्र द्वन्द्व" भन्नाले मिति २०५२ फागुन १ देखि २०६३/मंसिर ५ सम्म तत्कालिन माओवादी र सरकार बीचको द्वन्द्वलाई सम्झनुपर्छ ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनुपर्छ ।

## औषधी उपचार सेवा सम्बन्धी व्यवस्था

३. औषधी उपचार सेवाको प्रकृति : लाभग्राही व्यक्तिलाई आवश्यक पर्ने औषधी उपचार सेवा अस्पतालले पहिचान गरी सिफारिस गरिएको आधारमा मन्त्रालयले निर्धारण गर्नेछ ।

४. औषधी उपचार सेवाका लागि सूचना आव्हान सम्बन्धी व्यवस्था : (१) मन्त्रालयले औषधी उपचार सेवा लिन इच्छुक व्यक्तिलाइ सूचना प्रकाशित गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशित गर्दा आवश्यकता अनुसार सञ्चार माध्यम मार्फत प्रसारण तथा प्रकाशन गर्न सकिनेछ ।

(३) मन्त्रालयबाट प्रकाशित गरिएको सूचना जानकारीको लागि प्रदेश नं. ५, भित्रका सबै जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा पठाइने छ ।

(४) सबै सम्बन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय तहले सो अनुसार लाभग्राहीलाई सो सम्बन्धि जानकारी गराउनुपर्नेछ ।

५. दरखास्त सङ्कलन तथा छानविन सम्बन्धी व्यवस्था : (१) लाभग्राही व्यक्तिले अनुसुची १ को ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनका साथ देहाय बमोजिमका कागजपत्र तथा सिफारिसहरु संलग्न गर्नु पर्नेछ ।

क) जिल्ला प्रशासन कार्यालयले दिएकोसशस्त्र द्वन्द्वको क्रममा अपाङ्ग, घाइते वा अशक्त भएको भन्ने व्यहोराको सिफारिस पत्र ।

ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

ग) लाभग्राहीको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।

घ) लाभग्राहीको स्वास्थ्य समस्या पहिचान सम्बन्धी अस्पताल वा चिकित्सकको सिफारिस (प्रेस्किप्सन) को प्रतिलिपि ।

ङ) लाभग्राहीको स्वास्थ्य समस्यासँग सम्बन्धित वा लाभग्राहीको पहिचान खोल्ने अन्य कागजात भए त्यस्तो कागजात।

६. निवेदन उपर छानबिन तथा छनौट सम्बन्धी व्यवस्था : (१) मन्त्रालयले दफा ५ बमोजिम प्राप्त निवेदन उपर छानविन गरी लाभग्राही व्यक्तिको नाम औषधी उपचारका लागि अस्पताल समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा मन्त्रालयले आवश्यकता अनुसार थप कागजात वा प्रमाण माग गर्न सक्नेछ ।

(३) औषधी उपचार गरीएका लाभग्राहीहरुको अभिलेख मन्त्रालयमा राखिनेछ ।

७. <u>अस्पताल छनौट तथा सम्झौता सम्बन्धी व्यवस्था :</u> (१) मन्त्रालयले प्रचलित कानून बमोजिम स्थापना भएका सरकारी अस्पतालसँग सोझै वार्ता गरी कार्यक्रम सञ्चालनका लागि अस्पताल छनौट गर्न सक्नेछ ।

(२) लाभग्राहीलाई औषधी उपचार तथा स्वास्थ्य सेवा उपलब्ध गराउन मन्त्रालय र अस्पतालबीच सझौता गर्नुपर्नेछ ।

(३) अस्पतालले लाभग्राहीलाइ औषधी उपचार तथा स्वास्थ्य सेवा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था सम्झौता पत्रमा लेखिए बमोजिम हुनेछ ।

(४) मन्त्रालयबाट सिफारिस भै आएका लाभग्राही व्यक्तिलाई अस्पतालले सम्झौता बमोजिम औषधी उपचार सेवा उपलब्ध गराउनु पर्नेछ ।

८. <u>अनुगमन सम्बन्धी व्यवस्था :</u> औषधी उपचारको प्रभावकारीता, गुणस्तर तथा सम्झौता बमोजिम औषधी उपचार भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नेछ ।

९. <u>मन्त्रालयले निर्णय गर्न सक्ने :</u> (१) निर्देशिका बमोजिमको कार्यक्रम सञ्चालनका सम्बन्धमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(२) मन्त्रालयले मागेको आवश्यक सहयोग प्रदान गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१०. <u>औषधी उपचार र सेवा सुविधा सम्बन्धमा:</u> लाभग्राहीले कार्यक्रमबाट देहाय बमोजिम औषधी उपचार र सेवा सुविधा प्राप्त गर्न सक्नेछ ।

(१) औषधी उपचारको क्रममा गर्नुपर्ने परिक्षण (एक्स-रे, भिडियो एक्स-रे, सिटी स्कान, ल्याव टेष्ट आदी) र अन्य औषधी उपचार समेतको खर्चको सम्पूर्ण विवरण अस्पतालले राखि सोहि बमोजिम मन्त्रालयबाट प्राप्त रकम खर्च बापत लेखि फरफारक गर्नुपर्नेछ।

(२) लाभग्राहीले औषधी उपचार सेवा लिनका लागि अस्पतालसम्म आउँदा-जादाँ लाग्ने गाडी भाडा र रा.प. तृतीय श्रेणीले कानून बमोजिम पाउने दैनिक भ्रमण भत्ता बराबरको रकम मन्त्रालयबाट प्राप्त गर्नेछ ।

स्पष्टिकरण: गाडि भाडा भन्नाले लाभग्राहि आफ्नो घरबाट अस्पतालसम्म आउँदा-जादाँ लाग्ने प्रचलित बसभाडा सम्झनुपर्छ ।

(३) शारीरिक रुपमा असक्त र अपरेशसन गर्नुपर्ने अवस्था भएमा सो समयमा लाभग्राहीले एक जना सहयोगीको लागि औषधी उपचारको क्रममा बस्दाको अवधिको दैनिक रुपमा उपदफा २ बमोजिम बिरामीले पाए सरहको रकम मन्त्रालयबाट प्राप्त गर्नेछ ।

(४) औषधी उपचारका लागि छनौट भएको अस्पताल रहेको जिल्लाका २० किलोमिटर भित्रका लाभग्राहीहरुले यातायात खर्च मात्र पाउनेछन् ।

(५) अस्पतालले आफूसँग उपलब्ध भएसम्मका परीक्षण र औषधि औषधी उपचार सेवा अस्पतालबाटै उपलब्ध गराउनु पर्नेछ । तर अस्पतालमा उपलब्ध नभएको परीक्षण र औषधी उपचार सेवा अन्य उपयुक्त अस्पलातमा सिफारिस गरी त्यस्तो अस्पतालबाट उपलब्ध गराउने व्यवस्था गरेकोमा सो वापतको खर्च बिवरण दुरुस्त राखि खर्च लेखि फरफारक गराउनुपर्नेछ ।

(६) अस्पतालले प्रशासनिक एवं अन्य विविध खर्च लेख्दा प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत मापदण्ड अनुसार गर्नु पर्ने छ ।

## विविध

११. यो कार्यविधी मन्त्रालयले आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ ।